गण्डकी प्रदेश सरकार

# कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पोखरा

## सेवा करारमा लिने सम्बन्धी सूचना

यस मन्त्रालय र मातहतका कार्यालय/इकाईमा रिक्त रहेको निम्न सेवा समूहका विभिन्न पदहरुमा गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत **"सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि २०७७"** बमोजिम खुला प्रतिस्पर्धाद्धारा सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुले यस मन्त्रालयको वेभसाइट **molmac.gandaki.gov.np** मा राखिएको दरखास्त फाराम डाउनलोड गरी **यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र** यस मन्त्रालयमा आवेदन दिनु पर्नेछ।

**(सूचना लागू हुने मिति: २०८०/०५/२२ देखि)**

| विज्ञापन नं. | पद | तह/श्रेणी | सेवा | समूह | माग पद संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १/०८०-०८१ | कृषि अर्थ विज्ञ | सातौ | नेपाल कृषि | एग्री.इको एण्ड एग्री मार्केटिङ | ५ (पाँच) | |
| २/०८०-०८१ | खाद्य अनुसन्धान अधिकृत | सातौ | नेपाल कृषि | खाद्य अनुसन्धान | १ (एक) | |
| ३/०८०-०८१ | कृषि प्रसार अधिकृत | सातौ | नेपाल कृषि | कृषि प्रसार | ९ (नौ) | |
| ४/०८०-०८१ | बाली विकास अधिकृत | सातौ | नेपाल कृषि | वाली विकास | १ (एक) | |
| ५/०८०-०८१ | बाली संरक्षण अधिकृत | सातौ | नेपाल कृषि | बाली संरक्षण | ३ (तीन) | |
| ६/०८०-०८१ | वागवानी विकास अधिकृत | सातौ | नेपाल कृषि | वागवानी | १(एक) | |
| ७/०८०-०८१ | पशु चिकित्सक | सातौ | नेपाल कृषि | भेटेरिनरी | ७ (सात) | |
| ८/०८०-०८१ | पशु विकास अधिकृत | सातौ | नेपाल कृषि | ला.पो.डे.डे. | ६ (छ) | |
| ९/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | एग्री.इको एण्ड मार्केटिङ | १ (एक) | |
| १०/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | कृषि प्रसार | २ (दुई) | |
| ११/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | बागवानी | २ (दुई) | |
| १२/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | बाली संरक्षण | ९ (नौ) | |
| १३/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | माटो | १ (एक) | |
| १४/०८०-०८१ | प्राविधिक सहायक | पाचौ | नेपाल कृषि | मत्स्य | ३ (तीन) | |
| १५/०८०-०८१ | पशु स्वास्थ्य प्राविधिक | पाचौ | नेपाल कृषि | भेटेरिनरी | ३ (तीन) | |
| १६/०८०-०८१ | पशु सेवा प्राविधिक | पाचौ | नेपाल कृषि | ला.पो.डे.डे. | २ (दुई) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७/०८०-०८१ | नायब प्राविधिक सहायक | चौथो | नेपाल कृषि | मत्स्य | १ (एक) | |
| १८/०८०-०८१ | नायब पशु सेवा प्राविधिक | चौथो | नेपाल कृषि | ला.पो.डे.डे. | २ (दुई) | |

**परिक्षाको किसिमः** अन्तरवार्ता

**परिक्षा मिति र केन्द्रः** पछि सूचना प्रकाशन गरिनेछ।

**दरखास्त दस्तुरः** अधिकृतस्तर सातौं तहको हकमा रु.१२००/- सहायकस्तर पाँचौं तहको हकमा रु.७००/- र सहायक स्तर चौथोको हकमा रु.५००/-।(दस्तुर फिर्ता नहुने)

**दरखास्त दिने अन्तिम मितिः** मिति २०८०/०६/०४

**राजस्व बुझाउने विधि :** राजस्व संकेत /शीर्षक : १४२२४

कार्यालय कोड : ३१२००३९०१४

राजस्व खाता नं. : १०००१००२०००१०००० (राष्ट्रिय वाणिज्य बैङ्क, पोखरा)

**उम्मेदवारको उमेरको हदः**

अधिकृतस्तर सातौं तहको लागि दरखास्त दिने अन्तिम म्याद सम्म २१ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० बर्ष ननाघेको।

सहायकस्तर चौथो र पाँचौं तहको लागि दरखास्त दिने अन्तिम म्याद सम्म १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० बर्ष ननाघेको।

**दरखास्त बुझाउने बिधि र स्थानः** मन्त्रालयको वेभसाईटमा राखिएको **सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७७** को अनुसूची-१ फाराम डाउनलोड गरी रीत पूर्वक भरी कृषि तथा भूमि व्यावस्था मन्त्रालय गण्डकी प्रदेश, मालेपाटन, पोखरामा बुझाउनु पर्नेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः** नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता, समकक्षता भएमा सो को प्रमाणपत्र, अनुभव भएमा सो को प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता भएमा सो को प्रतिलिपि,।लब्धाङ्क पत्र ग्रेड प्रणाली (GPA)मा उल्लेख भएको भए सम्बन्धित शैक्षिक संस्थाबाट सो बराबरको प्रतिशत निर्धारण गरिएको प्रमाण।पशु चिकित्सक पदका लागि काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि।

**पदमा रहि गर्नुपर्ने कामको विवरण :** सेवा, समूह सम्बन्धी कार्य

**अन्तरवार्ता मिति र स्थानः** पछि प्रकाशन गरिने

**तलवः** प्रचलित कानून बमोजिम

**सेवा सम्बन्धी मन्त्रालयः** कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

**सेवा शर्तः** प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भईआएमा करार सम्झौता स्वतः रद्द हुनेछ ।

## आवस्यक न्यूनतम योग्यता

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुका साथै गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४ बमोजिम तोकिएको देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

**देहाय**

| पद/समूह | न्यूनतम योग्यता |
|---|---|
| कृषि अर्थ विज्ञ/एग्री इको एण्ड मार्केटिङ | मान्यताप्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री विजनेश मुख्य विषय लिई स्नातक (बी.एस्सी. एग्री) वा सो सरह उत्तिर्ण गरेको । |
| खाद्य अनुसन्धान अधिकृत | मान्यता प्राप्त शिक्षण संस्थाबाट फुड टेक्नोलोजीमा वि.टेक वा फुड साइन्स वा फुड टेक्नोलोजी वा फुड इन्जिनियरिङ वा फुड माइक्रो बायोलोजी वा ह्युमन न्यूट्रिशन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण। |
| कृषि प्रसार अधिकृत/कृषि प्रसार | मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्री) वा सो सरह उत्तीर्ण गरेको। |
| वाली विकास अधिकृत/बाली विकास | मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्री) वा सो सरह उत्तीर्ण गरेको। |
| वागवानी विकास अधिकृत/वागवानी | मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्री) वा सो सरह उत्तीर्ण गरेको। |
| बाली संरक्षण अधिकृत/बाली संरक्षण | मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्री) वा सो सरह उत्तीर्ण गरेको। |
| पशु विकास अधिकृत/ला.पो.डे.डे. | पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी उत्तीर्ण वा वि.टेक (डेरी टेक्नोलोजी) वा वि.भि.एस्सी एण्ड ए.एच.वा वि.भि.एस्सी/डि.भि.एम वा वि.टेक एड (लाईभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण। |
| पशु चिकित्सक/भेटेरीनरी | मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.भि.एस्सी. एण्ड. एच. वा बी.भि.एस्सी वा डी.भि.एम वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको। |
| माटो विज्ञ/माटो विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एग्री) वा सो सरह उत्तीर्ण गरेको। |
| कृषि प्राविधिक सहायक/ एग्री इको एण्ड मार्केटिङ<br>कृषि प्राविधिक सहायक/ कृषि प्रसार<br>कृषि प्राविधिक सहायक/ वागवानी<br>कृषि प्राविधिक सहायक/ बाली संरक्षण<br>कृषि प्राविधिक सहायक/माटो | कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण-पत्र तह (आइ.एस्सी. एग्री) उत्तीर्ण वा एस.एल.सी वा टि.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम ३ बर्षे अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टि.ए कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण-पत्र) उत्तीर्ण। |
| मत्स्य प्राविधिक सहायक/मत्स्य | कृषि वा पशु विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह(आइ.एस्सी.एग्री) उत्तीर्ण वा एस.एल.सी. वा टि. एस.एल.सी उत्तीर्ण गरी न्यूनतम ३ बर्ष अवधिको कृषि वा पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टि.ए.कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञानमा १ बर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण पत्र) उत्तीर्ण। |
| पशु स्वास्थ्य प्राविधिक<br>पशु सेवा प्राविधिक | पशु विज्ञान विषय लिई प्रविणता प्रामाण-पत्र तह (आइ.एस्सी. एग्री) उत्तीर्ण वा एस.एल.सी वा टि.एस.एलसी उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ बर्ष अवधिको पशु विज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ बर्ष जे.टी कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) |

<table>
<tr>
<td>नायब मत्स्य प्राविधिक सहायक</td>
<td>मान्यताप्राप्त संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>• एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टि.ए (कृषि विज्ञान) तालिम प्राप्त।<br>• कृषि विषय लिई टि.एस.एल.सी उत्तीर्ण।</td>
</tr>
<tr>
<td>नायव पशु स्वास्थ्य प्राविधिक/भेटेरीनरी</td>
<td rowspan="2">मान्यताप्राप्त संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>• एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टि.ए.(पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त<br>• कृषि (पशु पालन/पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी उत्तीर्ण।</td>
</tr>
<tr>
<td>नायव पशु सेवा प्राविधिक/ला.पो डे.डे.</td>
</tr>
</table>

**(सहदेव प्रसाद हुमागाई)**
प्रदेश सचिव